**मिति २०८१। ०२।२१ गते बसेको निस्दी गाउँपालिकाको ५९ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा  तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. सेलार स्टोर संचालन सम्वन्धमा ।

३. धान दिवश मनाउने  सम्वन्धमा ।

४.  कक्षा संचालन अनुमति सम्वन्धमा ।

५. विविध ।

२०८१।२।२१

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्यालं, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

**मनसुनजन्य विपद्**

घर क्षति भएमा रु २० हजार सम्म

गोठ क्षति भएमा रु १५ हजार सम्म

घर र गोठ क्षति भएमा रु ३० हजार सम्म

**आगलागी भएमा**

घर क्षति भएमा रु ३० हजार सम्म

गोठ क्षति भएमा रु २० हजार सम्म

घर र गोठ क्षति भएमा रु ३५ हजार सम्म

छ) निस्दी गाउँपालिकाको कार्यालय कार्यक्रम हलको सिलिङ्गमा रहेको प्लाइ बिग्रीएर पानी चुहिने भएको हुँदा निर्मित भवनको संरचनागत सुधार शिर्षकबाट खर्च हुने गरी लागत अनुमानको आधारमा संरचना सुधार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

ज) निस्दी गाउँपालिका ७ नं वडा कार्यालय सभा हल निर्माण योजनाको लागि आ.व २०७९।०८० मा गठन भएको ७ नं वडा कार्यालय सभा हल निर्माण उपभोक्ता समितिलाइ चालु आ.व २०८०।०८१ मा निरन्तरता दिने र आयोजना सम्पन्न गर्ने निर्णय गरियो ।

झ) राजश्व परामर्श समिति बाट पेश भएको जग्गाको न्यूनतम मूल्यांङ्कन लाइ सर्वसम्मत अनुमोदन गरियो ।

ज) आ व २०८१।०८२ मा भूक्तानी हुने गरी चालु आ व मै नदिजन्य पदार्थको वातावरण परिक्षण प्रतिवेदन तर्जुमाको प्रक्रिया अगाडी वढाउन गाउँकार्यपालिकाको कार्यालयलाइ निर्देशन दिइयो ।

झ) निस्दी गाउँपालिका वडा नं २ सहलकोट बाट संचालित वाल भेलामा नपुग रकम रु ३३ हजार विविध खर्च शिर्षकवाट भूक्तानी गर्ने , मध्यमकालिन खर्च संरचनाको लागी निस्दी कृषि तथा पशु उधमशिलता बाट रु ५ लाख रकमान्तर गरि तर्जुमा गर्न गाउँकार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

ञ) निस्दी गाउँपालिका वडा नं ७ मा हातेटेक्टर र कुटानी पिसानी मिलको वितरणको लागी कृषकको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशत लागत साझेदारी रहने गरी सामाग्री खरिद गरि कृषकलाइ वितरण गर्ने निर्णय गरियो ।

२०८१।२।२९

## मिति २०८१।०२।२१ गते बसेको निस्दी गाउँपालिकाको ५९ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वडा नं ५ गल्धा को थामपोखरा निवासी श्री कालु सोनारी को नाति , श्री महाविर को छोरा श्री नर वहादुर सुनारी मगर को कित्ता नं ११ को क्षेत्रफल ०-११-०-३ को ०-११-०-३ पा.सी जग्गा निस्दी गाउँपालिका ५ नं वडा कार्यालय गल्धा लाइ सेलार स्टोर निर्माण गर्न निशुल्क दान दिन चाहेकोले निशुल्क जग्गा रजिष्ट्रेशन पास गर्नको लागि सम्वन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा धान दिवश असार १५ गते निस्दी गाउँपालिका वडा नं ४ मित्याल ,लामेदमारमा मनाउने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ६ स्थित गोरखनाथ मा.बि लाइ आर्थिक दायित्व सम्वन्धित विधालयकै हुने गरी शिक्षा संकाय तर्फ कक्षा १२ संचालनको लागि अनुमति प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) रासायनिक मल वितरणको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ख) निस्दी गाउँपालिकाको एक वडा एक पकेट विकास कार्यक्रम अन्तरगत वडा नं ६ अर्चलेमा प्राविधिक कारण वस संचालन हुन नसकेकोले उक्त कार्यक्रम निस्दी गाउँपालिका वडा नं ५ गल्धामा २ वटा संचालन गर्ने अध्यक्ष स्तरको निर्णयलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

ग) बर्षे फलफूलमा अनुदान कार्यक्रम अन्तर्गत गाउँपालिकाको ७५प्रतिशत अनुदान हुने गरि कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) निस्दी कृषि तथा पशु उधमशिलता परियोजनाको यस कार्यालय बाट आशयपत्र माग गरिएकोमा महालेखा परिक्षकको कार्यालयले उक्त परियोजना संचालन गर्न उपयुक्त नदेखिएको आसय प्रतिवेदनमा पेश गरेकोले उक्त प्रस्ताव सम्वन्धित प्रस्तावदाता लाइ फिर्ता गर्ने निर्णय गरियो।

ङ) गाउँ कार्यपालिकाको कार्यालय बाट सोलार खरिदको लागी E-bid मार्फत खरिद प्रक्रिया संचालन गर्दा कुल लागत अनुमानमा घटि भएको गाउँपालिका तर्फको रकमबाट सोलार खरिद गरि वडा नं ४ मित्याल , वडा नं ५ गल्धा र वडा नं ७ ज्यामिरेमा वितरण गर्न गाउँकार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।